## कालीमाटी गाउँ कार्यपालिकाको १९औं बैठक

आज मिति २०८१।२।३२ गतेका दिन विहान ८.०० बजेको समयमा कालिमाटी गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्रि के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजीमका निर्णयहरु गरियो ।

### उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्रि के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण प्रसाद पौड्याल | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्रि | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

### आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | श्री यज्ञ बहादुर खत्री | अधिकृत छैठौं | |
| २ | श्री एकलाल राना | लेखापाल | |
| ३ | श्री छविलाल खत्रि | कार्यालय सहयोगी | |
| ४ | श्री सन्तोष सिंह | स्था.पा.स.टे. | |

**प्रस्तावहरु:**

१ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२ पाईप वितरण सम्बन्धमा।

३ भु-उपयोग नक्सा सम्बन्धमा।

४ आगामी गाउँसभाको तयारी सम्बन्धमा।

५ विविध सम्बन्धमा।

## निर्णयहरु

### निर्णय नं. १

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको १८ औं बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो । निर्णयहरु कार्यान्वयको चरणमा रहेका र बाँकी कार्यहरु पूर्णरुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

### निर्णय नं. २

कालिमाटी गाउँपालिका अन्तर्गत रहेका वन जङ्गलमा विभिन्न समयमा लागेको आगलागीका कारण खानेपानीको पलाष्टिक पाईपमा भएको क्षतिको प्राप्त विवरण बमोजिम प्राविधिक कर्मचारी स्थलगत रुपमा खटाई प्राविधिक जाँचबुझ बमोजिम क्षतिपूर्ति अनुसारको पाईप उपलब्ध गराई खानेपानी सेवा सुचारु गर्ने निर्णय गरियो।

### निर्णय नं. ३

कालिमाटी गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा तथा भू-उपयोग वर्गिकरणलाई स्वीकृत गर्ने निर्णय गरियो। साथै राज्य पनुर्संरचना बमोजिम जारी भएको नक्सा अनुसार यस गाउँपालिकाले भू-उपयोग नक्सा तयार गरी कार्यान्वयनमा ल्याएको हुँदा यस पालिकाको नक्सा भित्र पर्ने जग्गाको नाप नक्सा, कित्ताकाट, नामसारी तथा भूमिकरको असुली कार्यहरु गर्न सेवाग्राही आएमा कालिमाटी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउन अनुरोध गरी नापी कार्यालय तुलसीपुर दाङ र मेहल्कुना सुर्खेत तथा मालपोत कार्यालय तुलसीपुर दाङ र मेहलकुना सुर्खेतलाई पत्राचार गर्ने साथै कालीमाटी गाउँपालिकाको भु उपयोग नक्सा भित्रको स्थानहरुमा वन उपभोक्ता समहु दर्ता, नविकरण, काठ दाउरा विक्रि जस्ता कार्यहरु नगरी सल्यान जिल्लामा पठाउन अनुरोध गरी डिभिजन वन कार्यालय दाङ्ग र सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरीयो।

### निर्णय नं ४

आगामी आर्थिक वर्ष २०८१/८२ को लागि संघ र प्रदेशबाट तपसिल बमोजिमको अनुदान प्राप्त हुने अनुमान भएकोले तपसिल बमोजिम वस्तिस्तरबाट योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो:

क) आय अनुमान

| क्र॰सं॰ | विवरण | अनुमानित रु | कैफियत |
|---|---|---|---|
| | संघिय समानीकरण अनुदान | ९३५०००००। | |
| | संघिय राजश्व बाँडफाँड | ११५३०००००। | |

| | | | |
|---|---|---|---|
| | प्रदेश समानीकरण | १०२६८०००। | |
| | प्रदेश राजश्व बाँडफाँड | १७८८८८८। | |
| | आन्तरिक आय | ५००००००। | |
| | जम्मा रु | २२५८५६८८८। | |

ख) वडाहरुको लागि तपसिल बमोजिम बजेट सिमा निर्धारण गर्ने र प्रत्येक वडाले आयोजना छनौट गर्दा कम्तिमा एउटा दश लाख भन्दा बढी रकमको वडाको गौरबको योजना छनौट गर्ने निर्णय गरियो:

| क्र•सं• | वडा नं | बजेट सिमा प्रति वडा रु | जम्मा रु | कैफियत |
|---|---|---|---|---|
| | वडा नं १ को लागि | ५००००००। | ५००००००। | |
| | वडा नं २ देखि वडा नं ७ सम्म | ४००००००। | २४००००००। | |
| | जम्मा रु | | २९००००००। | |

निर्णय नं ५

क) वडा नं ५ का कृषि प्राविधिक श्री गंगाराम बुढाथोकीले कार्यालयको पोषण मैत्रि कार्यक्रमको कामकाजको सिलसिलामा मोटरसाईकल दुर्घटनामा परि घाईते भई उपचाररत रहेको हुँदा निजलाई तत्काल एक लाख रुपैयाँ औषधोपचार स्वरुप सहयोग उपलब्ध गराउने निर्णय गरियो।

ख) अनेरास्ववियू सल्यानलाई विस हजार रुपैयाँ उपलब्ध गराउने गरी भएको गाउँपालिका अध्यक्षको आदेशलाई समर्थन गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित गर्ने